# अर्जुनचौपारी गाँउपालिकाको करचुक्ता सिफारिसपत्र

**अर्जुनचौपारी गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७६-६-२७**

नेपालको संविधानको अनुसुची ८ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्वको अधिकारहरु सही ढंगले परिचालन गर्न अर्जुनचौपारी गाँउपालिका गाँउसभाको मिति २०७६।३।१६ को निर्णयले पारित राजश्व ऐन,२०७६ र आर्थिक ऐन,२०७६ मा भएको प्रावधान बमोजिम अर्जुनचौपारी गाँउपालिकाले आफ्नो कार्यक्षेत्रभित्र व्यवसाय कर,सम्पत्ति कर घरबहाल कर,बहाल बिटौरी कर तथा मालपोत कर आदिलाई आन्तरिक श्रोतको दायरामा ल्याउनको लागि कुनै पनि सेवाग्राहीलाई गाँउपालिका र वडा कार्यालयबाट सेवासुविधा प्रदान गर्नुभन्दा अघि निज वा निजको परिवारले चालु आ.व. मा बुझाउनुपर्ने कर बुझाएर वा बुझाएको प्रमाण पेश गरेपश्चात यो करचुक्ता सिफारिसपत्र जारी गरेर मात्र सेवाग्राहीलाई सेवासुविधा उपलब्ध गराईनेछ ।

१. "सेवाग्राही"भन्नाले गाँउपालिका र वडा कार्यालयबाट सेवासुविधा लिने गाँउसभा र गाँउकार्यपालिकाको सदस्यहरु, गाँउपालिकाको स्थायी,अस्थायी र करारमा कार्यरत सबै कर्मचारीहरु,गाँउपालिकाभित्रको सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरु,गाँउपालिकाभित्रको सहकारी संस्थामा कार्यरत कर्मचारी तथा सेयर सदस्यहरु,वडा कार्यालयबाट योजना कार्यान्वयनको लागि गठन गरिने उपभोक्ता समितिको सदस्यहरु, गाँउपालिकाबाट सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरु लगायत गाँउपालिका र वडा कार्यालयमा सेवासुविधा लिन आउने अर्जुनचौपारी गाउँपालिका स्थायी ठेगाना भएका व्यक्ति,समूह तथा संघसंस्थाहरुलाई जनाउनेछ ।

२.गाँउपालिका र वडा कार्यालयले सेवा प्रवाह गर्दा सेवाग्राहीले निजको वा निजको परिवारको सदस्यले बुझाउनुपर्ने राजश्व बुझाएको हो वा होईन सोको एकिन गरी नबुझाएको भए राजश्व बुझाउन लगाई देहायबमोजिमको करचुक्ता सिफारिसपत्र जारी गरेर मात्र कार्यसम्पादन गरिदिनुपर्नेछ ।

३.करचुक्ता सिफारिसपत्र

(१) तपाईले आफ्नो परिवारको स्वामित्व रहेको जग्गाजमिनको मालपोत कर बुझाउनुभएको [ छ ] [ छैन ]

२.तपाईले आफ्नो घरको सम्पत्ति कर बुझाउनुभएको [ छ ] [ छैन ]

३.तपाईले व्यवसाय गर्नुभएको छ भने दर्ता वा नवीकरण गर्नुभएको [ छ ] [ छैन ]

४.तपाईले आफ्नो घर वा जमिन अरुलाई बहालमा दिनुभएको छ भने बहाल कर बुझाउनु भएको [ छ ] [ छैन ]

५.तपाईले आफ्नो पक्की घरको घरनक्सा पास गर्नुभएको [ छ ] [ छैन ]

माथि उल्लेखित विवरणहरु ठिक साँचो हो यदि झुठो ठहरेमा कानुनबमोजिम सहुँला बुझाउला ।

हस्ताक्षर -

प्रमाणित गर्ने -

हस्ताक्षर-

सेवाग्राहीको नाम-